**Samriddhi Finance**

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
## Samriddhi Finance Company Limited.
**नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था**

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा(३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

**क) निकायको स्वरुप र प्रकृति:**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'ग' वर्गको वित्तिय संस्था ।

**ख) निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको ।

**ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कार्यरत कर्मचारी संख्या ७७ रहेको छ र वित्त कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत संचालन भइरहेको छ ।

**घ). निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वमोजिम 'ग' वर्गको वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको वेवसाइट www.sfcl.com.np उपलब्ध छ ।

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाको वेवसाइट www.sfcl.com.np उपलब्ध छ ।

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी**
वित्तीय कारोवारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी**
ग्राहकहरुको गुनासो तथा उजुरी गर्नको लागि हाल केन्द्रीय स्तरमा मुख्य व्यवस्थापक गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम ठेगाना यस प्रकार रहेको छ ।
**श्री विनोद राज पौडेल,**
**मुख्य व्यवस्थापक,**
समृद्धि फाइनान्स कम्पनी.लिमिटेड, प्रधान कार्यालय, हेटौंडा-१ मकवानपुर
(इमेल : (binod@sfcl.com.np)

**झ) सम्पादन गरेको कामको विवरण**
बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ग' वर्गका वित्तीय संस्थाहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भइरहेको छ ।

**ञ) सूचना अधिकारीको नाम र पद :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरुलाई तोकिएको छ ।
१. प्रमुख सूचना अधिकारी
**श्री विनोद राज पौडेल,**
**मुख्य व्यवस्थापक,**
समृद्धि फाइनान्स कम्पनी लिमिटेड, हेटौंडा-मकवानपुर,
ईमेल:binod@sfcl.com.np
साथै यस वित्तीय संस्थाका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**ट) ऐन, नियम, विनियम निर्देशिकाको सूची**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय सस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहायबमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२) नेपाल राष्ट्र बैंक ऐन, २०५८
३) कम्पनी ऐन, २०६३
४) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८

Samriddhi Finance

५) बैंकिङ्गकसुर तथा सजाय ऐन, २०६४
६) सम्पत्ति शुद्धिकरण( मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७) धितोपत्र सम्बन्धी ऐन, २०६३
८) सुरक्षित कारोवार ऐन, २०६३
९) विनिमेय अधिकारपत्र ऐन, २०३४
१०)उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु
११)नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु

**ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने वित्तीय सस्थाको वेभसाईट www.sfcl.com.npमा समेत रहेको छ।

**ड) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना**

बैंकको प्रमुखकार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ।

**श्री टिका निधि लोहनी,**
प्रमुख कार्यकारी अधिकृत,
समृद्धि फाइनान्स कम्पनी लिमिटेड,
प्रमुख कार्यालय, हेटौंडा-१ मकवानपुर
ईमेल ceo@sfcl.com.np

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।**

क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण :
यस वित्त कम्पनीले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

ख) सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण www.sfcl.com.np

ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण : वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई वित्तीय सस्थाको वेभसाईटमा समेत प्रकाशित गरिएको छ। साथै सस्थाको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी सैस्थाको वेभसाईट www.sfcl.com.np मा समेत प्रकाशित गर्दै आएको छ।

(प्रकाशित मिति : २०७८/१०/२८)

Samriddhi Finance